# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

घरेलु हिंसाको जघन्य प्रकार, सबै मिली गरौं यसको प्रतिकार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

वर्ष-३ | अंक-४४ | २०७६ जेष्ठ ८ गते बुधबार | 22 May 2019 Wednesday | मूल्य रू. १०/-

# कर्णाली करिडोरको काम तिव्र गतिमा हुँदै

**मिसन न्यूज**

**कालीकोट –** कर्णाली करिडोर खुलालु-हुम्ला सल्लीसल्ला खण्डको एक सय किलोमिटर ट्र्याक खुलेको छ। सबैभन्दा अप्ठेरो कालिकोटको खुलालुदेखि हुम्लाको सल्लीसल्लासम्म एक सय ४५ किमि निर्माणको जिम्मा पाएको नेपाली सेनाले जितेबाट बाजुरा र हुम्लाको सिमाना कुवाडीखोलासम्मको ८३ किमिमा गाडी गुड्न सक्ने बनाएको छ। बजेट अभावका कारण चालु आर्थिक वर्षभित्र हुम्लामा गाडी पुर्‍याउन भने समस्या देखिएको छ। गत वर्षसम्म ८३ करोड निकासा लिएको सेनाले चालु आर्थिक वर्षका लागि २० करोड मात्र पाएको छ।

५५ करोड थपिएमा जिम्मा लिएको खण्ड पूरा गर्न सकिने सेनाले जनाएको छ। कुवाडी खोलामा पुल नहुँदा गाडी हुम्लासम्म पुगेका छैनन् । २०७१ चैत ५ गते 'विशेष परिस्थितिको' सडक भन्दै मन्त्रिपरिषद्ले करिडोर निर्माणको जिम्मा सेनालाई दिएको थियो । कालिकोट खण्डको जिते-लैफु ३९ किमि र बाजुरामा पर्ने ४४ किमिको चट्टान फुटाएर हुम्लाको सिमानासम्म ट्र्याक खोलेको कर्णाली करिडोर निर्माण कार्य दलका प्रमुख मिलन कार्कीले बताए। उनले कुवाडी खोलामा पुल नहुँदा हुम्लामा ट्र्याक खुलेको १७ किमि सर्केघाटसम्म गाडी पुग्न नसकेको जनाए। 'कुवाडी खोलामा निर्माण गरिने बेलिब्रिजका लागि सामान ढुवानी गर्न कठिनाइ भएकाले मंसिरयता पुल बन्ने सम्भावना न्यून छ,'



कर्णाली करिडोरअन्तर्गत कालिकोटको खुलालु-जिते खण्डमा चट्टान फुटाउन सडक निर्माण कार्यदलका सदस्य।

उनले भने, 'कर्णाली नदीको जितेमा पुर्‍याइएको बेलिब्रिजको सामान नदीको सतह बढेकाले फेरि बन्द हुँदा मंसिर लागेपछि मात्र ढुवानी गर्न सकिने अवस्था छ।' बेलिब्रिजका अधिकांश सामग्री फलामका भएकाले हेलिकप्टरबाट ओसार्न सम्भव नभएको उनले जानकारी दिए। खुलालुमा पक्की पुल नबन्दासम्म काम गर्न कठिनाइ देखिएको छ। करिडोरको सबैभन्दा अप्ठ्यारो कालिकोटको अँधेरीखोला, शिलाजित भीर छिचोल्दै सेनाले बाजुरा खण्डको निर्माण सकेको छ। ती ठाउँमा टेवा पर्खाल लगाउने र केही सुधार गर्ने काम भइरहेको छ। कर्णाली नदीको जितेमा फेरीबाट तारिएका गाडी कर्णाली करिडोरको जितेदेखि बाजुरा र हुम्लाको सिमाना कुवाडी खोलासम्म पुग्ने गरेका छन्। हुम्ला खण्डमा करिब एक सय १३ किमि सडक निर्माणका लागि सरदर प्रतिकिमि ७० लाख लागत पर्ने सेनाका प्राविधिकको अनुभव छ। कालिकोटदेखि हिल्सा

बाँकी ८ पृष्ठमा..

# फोन सेवा ६ दिनदेखि अवरुद्ध

**मिसन न्यूज**

**कालीकोट -** कालीकोटको नरहरिनाथ गाउँपालिका करिब पाँच दिनदेखि सञ्चारविहीन बनेको छ। गाउँपालिकाको वडा नम्बर-८ लालुमा रहेको टेलिफोन टावरमा खराबी आएपछि यहाँको गाउँपालिका-१ जेठदेखि सञ्चारविहीन भएको हो। गाउँपालिकामा रहेको एक मात्र टावरमा खराबी आएपछि सिंगो गाउँपालिका नै सञ्चारविहीन भएको छ। करिब ६ दिनसम्म टावर बिग्रँदा पनि गाउँपालिकाले चासो नदेखाएको स्थानीयले बताएका छन्। नरहरिनाथ गाउँपालिका-६ का वडाध्यक्ष तुलाराज विकले फोनले काम गर्न छाडेको



बताए। लालुमा रहेको टावरमा लामो समयदेखि आएको समस्याका कारण पश्चिमी कालीकोटका बासिन्दाले सास्ती भोग्दै आएका छन्। सो टावरमा आएको समस्यासँगै नरहरिनाथ गाउँपालिका पूर्ण रूपमा प्रभावित भएको छ। नरहरिनाथ गाउँपालिकाको कोटवाडा, लालु, माल्कोट, कुमालगाउँ र रुप्सामा पूरै सेवा अवरुद्ध छ। १ जेठमा परेको चट्याङका कारण सिस्टम जलेको हुन सक्ने स्थानीय नागरिकले अनुमान गरेका भए पनि के कारण फोन सेवा अवरुद्ध भएको हो भन्नेबारे आफूले जानकारी नपाएको वडाध्यक्ष तुलाराज विकले बताए। मोबाइल सेवा अवरुद्ध हुँदा स्थानीय अत्यावश्यक सेवाका लागि समेत घण्टौं हिँडेर फोन गर्न बाध्य भएको स्थानीय परेक दर्जीले बताए। उनले भने, 'पाँच दिनसम्म पनि सरोकारवाला निकायले ध्यान दिएको छैन। फोन गर्नकै लागि घण्टौं हिँडेर कोटवाडाको धारीको डाँडासम्म पुग्नुपर्ने बाध्यता रहेको छ।'

बाँकी ४ पृष्ठमा..

# विधेयकविरुद्ध उत्रिए कालिकोटका पत्रकार

**मिसन न्यूज**

**कालिकोट -** सरकारले संसदमा दर्ता गरेको मिडिया काउन्सिल विधेयकविरुद्ध कालिकोटका पत्रकारले जिल्ला प्रशासन कार्यालयमा विरोध प्रदर्शन गरेका छन्। प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने गरी सरकारले संसदमा पेश गरेको विधेयकमा प्रेस स्वतन्त्रता विरोधी बुँदा तत्काल संशोधन गर्न मागसहित कालिकोटको जिल्ला प्रशासन कार्यालय परिसरमा विरोध प्रदर्शन गरेका हुन्।

कलम, डायरी, क्यामेरा, भ्वाइस रेकर्डर लगायतका सञ्चार सामग्री प्रशासन परिसरमा राखेर विरोध प्रदर्शन गरिएको नेपाल पत्रकार महासंघ कालिकोटले जनाएको छ। विरोध प्रदर्शनपछि



मिडिया काउन्सिल विधेयकविरुद्ध धर्नामा बसेका कालिकोटका पत्रकार।

महासंघका कर्णाली प्रदेश सदस्य तथा प्रेस युनियन कालिकोटका अध्यक्ष बिष्णु न्यौपाने, महासंघ जिल्ला शाखा अध्यक्ष तुलाराम पाण्डेले लोकतान्त्रिक सरकारले समाचार लेखेकै आधारमा पत्रकारलाई लाखौं रुपैयाँ जरिवाना तिर्नुपर्ने र जेल जानुपर्ने कानुन बनाउन खोज्नु विडम्बना भएको बताए। उनीहरुले सरकारले प्रेसलाई नियमन गर्नु अन्यथा होइन, तर अहिले नियन्त्रण नै गर्ने नियत राखेर विधेयक ल्याइएको दाबी गरे। पत्रकारितालाई व्यवस्थित, मर्यादित बनाउने नाममा नियतबस आएका बुँदाले

बाँकी ४ पृष्ठमा.....

**डा. निरञ्जन पराजुली**

# प्रयोगशाला जोखिम र चुनौती

नेपालमा सरकारी र शैक्षिक संस्थामा प्रयोगशाला खुल्न थालेको दशकौं भइसक्यो तर अझैसम्म पनि तिनीहरू आधुनिकता बाट निकै टाढा देखिन्छन्। अचेल विदेशबाट आयातित अर्बौं रकमको रासायनिक पदार्थ नेपालमा खपत हुन्छ। त्यसैगरी विगत दुई दशकदेखि उच्च शिक्षा र स्वास्थ्य क्षेत्रमा विभिन्न म्याग्नेटिक तथा रेडियो विकिरण पैदा गर्ने उपकरण, माइक्रोअर्गानिज्म र जैविक पदार्थको प्रयोग बढ्दो छ। प्रयोगशालामा प्रयोग हुने रासायनिक पदार्थ, विकिरण, प्याथोजेनिक माइक्रोअर्गानिज्म र जैविक पदार्थ वा वस्तु मानव स्वास्थ्य र वातावरणका लागि अत्यन्त हानिकारक मानिन्छ तर तिनीहरूको सुरक्षित व्यवस्थापन, प्रयोग र नियमनका लागि राज्य बेखबर देखिन्छ। नेपाल पक्ष भएर हस्ताक्षर गरिएका विभिन्न अन्तराष्ट्रिय दस्तावेजअनुसार नेपालले हालसम्म प्रयोगशालाको सुरक्षा र केमिकल लगायतको जोखिम न्यूनीकरणका लागि आवश्यक ऐन/नियम र कार्यविधि तर्जुमा गरेको छैन। नेपालले कृषि क्षेत्रमा प्रयोग हुने विषादी र लागु औषधबाहेक अन्य रासायनिक पदार्थलाई सूचीकृत वा अभिलेखीकरण गरेको पाइँदैन। कैयौं जोखिमयुक्त रसायनको कारोबार बजारमा खुलारूपमा नै हुन्छ। स्वास्थ्य क्षेत्रमा 'औषधी प्रतिरोधक माइक्रोअर्गानिज्म' र अन्य जैविक पदार्थहरूको सुरक्षित व्यवस्थापनमा राज्यले ध्यान दिएको पाइँदैन किनकि सोको अनुगमन ज्यादै फितलो छ। जसका कारण त्यसबाट हुने जोखिमको आकलन सहजै गर्न सकिँदैन। सरकारले प्रयोगशालामा हुने जोखिम न्यूनीकरणका लागि विशेष कार्यक्रम र ऐन ल्याउनुको साटो 'सरकारी प्रयोगशालामा कार्यरतका लागि तलबको २५ प्रतिशत जोखिम भत्ता दिने' निर्णय गरेको छ। भत्ता दिने निर्णय सही भए पनि त्यसबाट प्रयोगशालाको जोखिम कम गर्न भने सकिँदैन। मानव स्वास्थ्यमा पर्ने असर पैसामा साट्न सकिँदैन। यसै सन्दर्भमा प्रस्तुत लेख शैक्षिक र सरकारी क्षेत्रका प्रयोगशालामा विद्यमान सुरक्षात्मक प्रबन्ध र जोखिमको लेखाजोखा गर्न केन्द्रित गरिएको छ। समाजमा केमिकल वा रसायनबाट हुने जोखिम दिन/प्रतिदिन बढ्दो छ। गत सातामात्र काठमाडौँमा एक महिलामाथि एसिड प्रहार भएको थियो। उनको गाला, घाँटी र काँध एसिडले जलेको बताइन्छ। विगत ५ वर्षमा यसरी केमिकल (एसिड) प्रहारबाट १२ महिला र ३ पुरुष पीडित भएका छन्। एसिडलगायत घातक केमिकलको खुला किनबेच र सहज उपलब्धताका कारण एसिड प्रहार गर्ने घटना प्रतिवर्ष बढ्दो छ। विश्वव्यापी नै केमिकल, विकिरण र हानिकारक जैविक पदार्थका कारण लाखौं व्यक्तिको स्वास्थ्य जोखिममा परेको विभिन्न अध्ययनले पुष्टि गरेका छन्। हाल विश्वमा प्रतिवर्ष करिब ३ लाख ७० हजार मानिसको मृत्यु रासायनिक पदार्थ (केमिकल) वा विषादीको असावधानीका कारण हुने गरेको अनुमान छ। दुई वर्षअगाडि 'काठमाडौं इन्स्टिच्युट अफ एप्लाइड साइन्स' नामक संस्थाले नेपालमा पहिलोपटक रासायनिक प्रयोगशालाको सुरक्षात्मक स्थिति चित्रण गर्दै एक अन्तराष्ट्रिय जर्नलमा शोध प्रकाशन गरेको थियो। तर त्यसमा उठान गरिएका सवाल सम्बोधन गर्नेतर्फ कुनै सरकारी निकायले चासो देखाएका छैनन्।

**असुरक्षित प्रयोगशाला**

हाल नेपालमा कक्षा ११ देखि पिएचडीसम्म विधार्थीहरू जोखिमपूर्ण केमिकल भएका प्रयोगशालामा काम गरिरहेका भेटिन्छन्। काठमाडौं विश्वविद्यालयबाहेक अन्य शैक्षिक संस्थामा खतराजन्य केमिकलमा काम गर्न आवश्यक 'सेफ्टी हुड' को व्यवस्था प्रयोगशालामा गरेको पाइँदैन। चरम आर्थिक अभावका कारण प्रयोग शालाहरूले सामान्य सुरक्षात्मक व्यवस्था पनि गरेका देखिँदैन। सेफ्टी हुड चाहिने कतिपय प्रयोगात्मक काम खुला चौरमा गरिन्छ। यो क्रमले निरन्तरता पाएको दशकौं भइसक्यो तर स्थितिमा सुधार भएको छैन। यसबाट सहजै अनुमान गर्न सकिन्छ एक्काइसौं शताब्दीमा पनि उच्च शिक्षामा विद्यार्थी कस्तो अवस्थाबाट गुज्रिरहेका छन्? विद्यार्थीलाई एसिड वा अन्य केमिकलले पोल्ने, प्रयोगशाला परीक्षणमा (सानोतिनो) आगो लाग्नेबाहेक उनीहरूमा देखिने अन्य स्वास्थ्य समस्या हालसम्म अभिलेखीकरण हुन सकेको छैन। उच्च शिक्षामा स्नातक र स्नातकोत्तर तहमा माइक्रोबायोलोजी अध्यापन हुन थालेको २ दशक पूरा भइसक्यो। अझैसम्म पनि विद्यार्थी 'बायोसेफ्टी हुड' बिना 'औषधी प्रतिरोधक माइक्रोअर्गानिज्म र अन्य हानिकारक जैविक पदार्थ वा वस्तु चलाएर प्रयोगशालामा काम गरिरहेका सहजै देखिन्छ। त्यसैगरी भौतिकशास्त्र र इन्जिनियरिङ क्षेत्रमा पनि कम सुरक्षा प्रबन्धमा विद्यार्थीले म्याग्नेटिक तथा रेडियो विकिरण प्रयोग गरेर अध्ययन/अनुसन्धान गरिरहेका भेटिन्छ। सरकारी कार्यालयका प्रयोगशालामा पनि सुरक्षात्मक प्रबन्ध त्यति राम्रो देखिँदैन। नेपालमा प्रयोगशालामा आधारित भएर काम गर्ने विभिन्न सरकारी निकाय छन्। सरकारी प्रयोगशालामा विगतमा भएका केही जोखिममूलक**प्रतिनिधि घटना तल उल्लेख छ:**

१) भन्सार विभागको प्रयोगशालामा कार्यरत कार्यालय सहयोगी कान्छा महर्जन मस्तिष्क घात र फोक्सोको क्यान्सरबाट पीडित भएको समाचार केही समयअगाडि छापाहरूमा आएको थियो। उक्त प्रयोगशालामा 'सेफ्टी हुड' जडान नभएका कारण उनी पीडित भएका थिए।

२) रेडियो विकिरणमा काम गर्ने शाक्य थरकी कर्मचारीको सेवा अवधिमा नै ब्लड क्यान्सर भएर मृत्यु भएको थियो।

३) विषालु केमिकलमा काम गर्ने भट्टराई थरकी महिलाको घाटीमा क्यान्सर भएर मृत्यु भएको थियो।

४) अर्गानिक रसायनमा काम गर्ने तुलाधर थरकी अर्की महिलाको जेनेटिक डिसअडर अर्थात् सुस्त मनस्थिति भएको बच्चा जन्मेको थियो।

५) प्रयोगशालामा क्लोरोफर्म धेरै प्रयोग गर्ने अर्को व्यक्तिको किड्नी फेल भएको थियो।

६) अर्गानिक रसायन प्रयोग गर्ने प्रधान थरकी महिलाको पाठेघर क्यान्सर भएको थियो।

७) वनस्पतिबाट सुगन्धित तेल निकाल्ने अनुसन्धानकर्तामा घाँटी र मुटु रोग देखिएको थियो।

८) खाद्यान्नको रासायनिक परीक्षण गर्ने सहसचिवस्तरको व्यक्तिमा घाँटीको क्यान्सर देखिएको थियो।

९) वनस्पतिमा अर्गानिक एस्ट्राक्सन गर्ने अर्को व्यक्तिमा पेटको क्यान्सर देखिएको थियो।

१०) अर्गानिक रसायन प्रयोग गर्ने एक व्यक्तिमा अण्डकोषको क्यान्सर देखिएको थियो।

**जोखिम कसरी कम गर्ने?**

प्रयोगशालामा हुने जोखिम कम गर्न सर्वप्रथम केमिकल परीक्षण गर्ने प्रयोगशालामा 'सेफ्टी हुड' लगायतका विविध सुरक्षात्मक प्रबन्ध हुनुपर्छ। प्रयोगशालामा मर्करी थर्मोमिटरको सट्टा डिजिटल थर्मोमिटर प्रयोग गर्न सकिन्छ। त्यस्तै मर्करी ब्यारोमिटरको सट्टा डिजिटल प्रेसर सेन्सर प्रयोग गर्न सकिन्छ। त्यसबाट मर्करीबाट हुने खतरा कम गर्न सकिन्छ। प्रयोगशालामा जोखिम न्यूनीकरण गर्न अन्य दर्जनौं उपाय छन्, जस्तै मेथाएल अरेन्जको ठाउँमा ब्रोमोफेनोल ब्लु प्रयोग गर्न सकिन्छ। लिड क्रोमेटको सट्टा कपर क्रोमेट प्रयोग गर्न सकिन्छ। सफा गर्ने केमिकलको सट्टा इन्जाइमेटिक क्लिनर प्रयोग गर्न सकिन्छ। प्रयोगशालाको निष्काशन (जैविक वा अजैविक पदार्थ) वैज्ञानिक किसिमले विसर्जन गर्ने कार्यविधि तयार गरी देशभरि लागु गर्नुपर्छ। माइक्रोअर्गानिज्म वा जैविक पदार्थबाट हुने जोखिम कम गर्न अन्तराष्ट्रिय मापदण्डअनुसार 'बिएसएल ३ वा ४' लेभलको प्रयोगशाला बनाउनुपर्छ।

## साताको भाग्यफल

**मेष** : प्रारम्भमा चुनौती देखिए पनि बिस्तारै आफ्नो क्षेत्रमा प्रभाव जमाउन सकिनेछ। आँट गर्दा चिताएको काम सजिलै सम्पादन हुनेछ।

**वृष** : पारिवारिक असमझदारीले बाधा पुर्याउनेछ भने अरूको भरपर्दा काम रोकिन सक्छ। आफन्तले सामान्य सहयोग जुटाउनेछन्।

**मिथुन** : जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय लाग्न सक्छ। श्रम गरेर मनग्गे लाभ उठाउन सकिनेछ। हिम्मतले कार्य सम्पादन हुनेछ।

**कर्कट** : बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ। आलोचकहरूले केही समस्या निम्त्याए पनि समयक्रमले सम्मानित स्थान दिलाउनेछ।

**सिंह** : विभिन्न अवसर प्राप्त हुनेछन् भने आँटले काम लिने समय छ। तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू पनि बढ्नेछन्।

**कन्या** : प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। तापनि शुभ चिन्तकहरूको सहयोग जुट्नाले समस्याको समाधान हुनेछ।

**तुला** : प्रारम्भमा विशेष अवसर जुट्नुका साथै पछिसम्म फाइदा हुने काम प्रारम्भ हुनेछ। आम्दानीका स्रोतहरू बढ्नेछन्।

**वृश्चिक**: अवसर प्राप्त भए पनि सुरुमा अपेक्षाकृत फाइदा नउठ्न सक्छ। परिबन्धले समस्या निम्त्याउने हुँदा अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ।

**धनु** : प्रारम्भमा केही चुनौती देखिए पनि प्रतिष्ठित काम गरेर समाजमा स्थापित हुने समय छ। पुरुषार्थद्वारा उपलब्धि हातपार्ने मौका छ।

**मकर** : प्रारम्भमा रमाइलो यात्रा हुन सक्छ। प्रियभेट हुनाले मनमा आनन्द मिल्नेछ। तर खर्च बढ्नाले अर्थ अभावले सताउन सक्छ।

**कुम्भ** : प्रारम्भमा प्रियजनसँग भेटघाट हुनेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ। चिताएका काम बन्नाले प्रशस्तै धनलाभ हुनेछ।

**मीन** : प्रारम्भमा केही उल्झन देखिए पनि हिम्मत गर्दा विभिन्न अवसर प्राप्त हुनेछन्। प्रतिद्वन्द्वीहरूलाई परास्त गर्न सफल भइनेछ।

# लुगा सिलाएरैमासिक ५० हजार आम्दानी

**मिसन न्यूज**

**कालिकोट**-रास्कोट-२ का ४५ वर्षीय जेल्जेन दमाईको लुगा सिलाएर मासिक ५० हजारभन्दा बढी आर्जन गर्ने गरेका छन् । कुनै बेला घर खर्च चलाउन र चाडपर्व मनाउन भारतको हिमाञ्चलमा स्याउका पेटी बोकेर पनि पैसा माग्दा साहुको घरको दैलो कुर्नु पर्ने उनको तीतो यथार्थ थियो । लुगा सिलाउने पसल थापेर काम गर्न थालेपछि उनलाई हिजोआज बिहान ६ बजेदेखि बेलुका आठ बजेसम्म कामको चटारोले भ्याइनभ्याइ छ ।

लुगा सिलाउने उनको पुर्ख्यौली पेसा भएकाले पनि उसलाई व्यावसायिकता बनाउन र जोगाउन निरन्तर लागि परेको उनको अनुभव छ । यो उनको पुर्ख्यौली पेसा नै हो । बिहान उठ्ने बित्तिकै डेराबाट हिँड्ने गेल्जने दिनभरि मालिकको पसलको ढोकामै रहेको आफ्नो लुगा सिलाउने मेसिनमा व्यस्त हुन्छन् । ‘लुगा सिलाउने हाम्रो पुर्ख्यौली पेसा हो तर यसलाई पहिला व्यावसायिक रूपमा गर्ने गरेको थिएन । १० वर्ष जति पहिले बाहुन, क्षत्री र ठकुरीहरूको लुगा सिलाउने गरे । वर्षभरिको लुगा सिलाएबापत अन्न मात्र पाउने उनले । अहिले आफ्नो पुर्ख्यौली पेसालाई व्यावसायिक रूप दिएको उनी बताउँछन् । पहिलो अन्न दिने गरिन्थ्यो भने अहिले पैसा लिने गरेको उनी बताउँछन् ।



**आम्दानीको गतिलो स्रोत**

सुरुमा दिनको २ सयदेखि ४ सयसम्म कमाइ हुन्थ्यो । अहिले दिनको २ हजार देखि ३५ सयसम्म आम्दानी हुन्छ । पुर्ख्यौली पेसालाई व्यावसायिक बनाउँदा आम्दानीको गतिलो स्रोत बन्यो । गेल्जनेले मान्ममा साहुको पसलको ढोकामा लुगा सिलाउन थालेको १७ वर्ष बित्यो । १७ वर्षको अवधिमा उनले यही कमाइबाट घर खर्च, छोराछोरीको पढाइ खर्च, लुगाफाटो मात्रै होइन, मान्ममै एक घर र जेठो छोरालाई बीएस्सीसम्म पढाइसकेका छन् । सबै खर्च कटाएर मासिक रूपमा ५० देखि ६० हजार रुपैयाँ आम्दानी हुने गरेको छ ।

**श्रीमान श्रीमती एउटै पेसामा**

लुगा सिलाइको कमाइबाट किनेको घडेरीमा अहिले उनले टहरा बनाएका छन् । गेल्जनेलाई उनकी श्रीमती छत्रकला दमाई सघाउछिन् । ‘हेर्दा रमाइलो लाग्थ्यो मैले पनि अरूको लुगा सिलाउ नपाएजस्तो लाग्यो । पसलमा जाँदा हेर्दाहेर्दै सिकें मैले,’ छत्रकलाले भनिन् ‘श्रीमानले सिलाएको हेर्दाहेर्दै लुगा सिलाउन जाने ।’

**उनले अनुभव सुनाउँदै भनिन्**

‘एक जोर लुगा सिलाएबापत २ सय ५० रुपैयाँ पाउँदा दिनको पाँच जोरसम्म सिलाउन थालें । दुई छोरा, एक छोरी र आफू बुढाबुढी गरी पाँच जना परिवारको जीविकोपार्जन र अध्ययन उनकै कमाइबाट चलेको छ । लुगा सिलाइकै आर्जनबाट छोराछोरीलाई उच्च शिक्षा अध्ययन गराउने उनको धोको छ ।

**स्वदेशमै आर्जन**

लुगा सिलाएरै सबै परिवारको चित्त बुझाउन सकेकोमा उनीहरू खुसी छन् । त्योभन्दा ठूलो आमग्राहकको मन जित्न पाएकोमा आफूलाई निकै भाग्यमानी ठान्छन् उनीहरू । विदेशमा

**बाँकी ८ पृष्ठमा..**


## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट**

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

**– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।**
**– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।**
**– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।**
**– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।**
**– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।**

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

## सान्नी त्रिवेणीको सन्देश

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**तिलागुफा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

## फोन सेवा ६ दिनदेखि......................

नरहरिनाथ गाउँपालिका-१ र २ का स्थानीय युवा फोन गर्नका लागि धारीको डाँडामा बेलुकापख जम्मा हुने गरेका छन् । आफन्तलाई फोन गर्नका लागि २ घण्टाको पैदल हिँडेर धारीको डाँडामा जाने गरेको संगीन भण्डाराले बताए । यस्तै, जिल्लाको तिलागुफा नगरपालिका पनि सञ्चार सेवाविहीन छ । तिलागुफा नगरपालिकामा रहेको टेलिफोन टावरमा चट्याङ परेको ६ महिना बितिसक्दा पनि पुनर्निर्माण नहुँदा पूरै नगरपालिका सञ्चारविहीन छ । स्थानीय राधिका शाहीले भनिन्, 'करिब ६ महिना भयो, फोन गर्नका लागि जिल्ला सदरमुकाम आउनुपरेको छ । कतिपय सूचना आदान प्रदान गर्नका लागि नगरमा भएको नेटले फेसबुकबाट कल गरी आफन्तहरू सँग सम्पर्क गर्ने गरिएको छ ।' जिल्लाको पचालझरना गाँउ पालिका -८ मयमा टेलिफोन टावर निर्माण गर्न ढिलाइ भएपछि स्थानीयले विद्युत्को पोलमा टावरका सामान जडान गरी सेवा सुरु गरेका छन् । पचालझरना गाउँपालिका को पहलमा विद्युत्को पोलमा टावरका सामान जडान गरी टेलिफोन सेवा सुरु गरिएको गाउँपालिका अध्यक्ष खड्गराज सेजुवालले बताए ।

## विधेयकविरुद्ध उत्रिए......................

प्रेस स्वतन्त्रतामा कुनै पनि बाहनामा आक्रमण गर्ने उनीहरुको दाबी छ । यसले प्रेस स्वतन्त्रतासँगै अभिव्यक्ति स्वतन्त्रता र लोकतन्त्रमा समेत प्रभाव पार्न सक्ने खतरा देखिन्छ । नेपाल प्रेस युनियन कालिकोटका उपाध्यक्ष पुष्पराज भट्टराई, रिपोटर्स क्लब कालिकोटका अध्यक्ष बिश्वनाथ सिम्खाडालगायतका पत्रकारले प्रेस स्वतन्त्रताको घाँटी निमोठ्ने गरी ल्याइएको विधेयक नसच्याए दुर्भाग्य हुने बताए ।


### क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

शुभकालिका गाउँपालिका कार्यालय
कालिकोट



### प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

पलाँता गाउँपालिका कार्यालय
कालिकोट



व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट


# स्वास्थ्य

## रेबिज रोगबाट यसरी बच्न सकिन्छ



रेबिज प्राणघातक सरुवा रोग हो । यो रोग बहुला कुकुर वा अन्य शङ्कास्पद जनावरको टोकइपछि मानिसमा सर्ने गर्छ । त्यस कारण यस रोगलाई जुनोटिक रोग पनि भनिन्छ । रेबिज रोग कुनै पनि प्रकारका उष्ण रगत युक्त प्राणीहरुमा यो रोग लाग्न सक्दछ । यो रोग चिकित्सा विज्ञानको धेरै पुरानो रोग भएको र हाल यस रोग चुनौतीका रूपमा रहेको पाइन्छ । यो रोगबाट विश्वमा बर्सेनि ५५ हजार मानिस तथा दक्षिण एसियामा ३० हजार तथा नेपालमा बर्सेनि १०० जनाको मृत्यु हुने गरेको अनुमान छ । नेपालमा यो रोग प्रमुख जनस्वास्थ्य समस्याका रूपमा रहेको छ । यो रोग मुख्यतः बहुला कुकुर वा शङ्कास्पद जनावर वा जङ्गली जनावर खास गरी ( स्याल, न्याउरीमुसा, फ्याउरो, चितुवा) आदि जनावरको टोकाइपछि समयमा उपचार नगरेको कारणबाट सर्ने गर्छ । यो रोगमा बिरामीलाई प्यास लाग्छ तर घाँटीमा स्नायु नसाको पक्षघातले गर्दा पानी निल्न सक्दैन ।

**रेबिज रोगको चक्र**

यो रोगको चक्र खासगरी सहरी तथा जङ्गली चक्र हो । नेपालमा यो रोग जङ्लगी मांसाहारी जनवार मुख्यतया स्यालको टोकाइबाट सामुदायिक कुकुर, भुस्याहा कुकुरको माध्यमबाट मानिसमा सर्ने गरेको पाइन्छ । रेबिज रोगको मुख्य संवाहक कुकुर नै हो ।

–शङ्कास्पद कुकुर, जनावर वा बहुला कुकुरले टोक्नासाथ तुरुन्तै साबुन पानी, सम्भव भए मनतातो पानी र साबुनले वा सम्भव भए धाराको फोर्सले बगिरहने पानी यदि त्यो पनि सम्भव नभएको खण्डमा मगमा पानी राखेर फोर्सले साबुन पानीले तुरुन्तै धुनुपर्छ ।

–सम्भव भएसम्म १० दिनसम्म टोक्ने जनावर वा कुकरको निगरानी गर्नुपर्छ ।

– रेबिज विशेषज्ञ वा चिकित्सकको सल्लाहका लागि नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा चाँडोसम्पर्क राख्नुपर्छ ।

–कुनै पनि शङ्कास्पद कुकुर वा जनावर वा बहुला कुकुरले टोकेपछि जडीबुटी दल्ने, नुनखुर्सानी दल्ने, धामीझाँक्री कहाँ जाने वा अन्य परम्परा विधिबाट उपचार गर्ने जस्ता कार्यहरु गर्नुहुँदैन ।

– घाउमा टाँका लगाउनु हुँदैन । तत्काललै ड्रेसिङ पनि गर्न मिल्दैन ।


### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method )
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय
कालिकोट

# पहुँचको आधारमा योजना बाँडफाँट

विश्वनाथ सिम्खाडा

**कालीकोट -** कर्णाली प्रदेश सरकारले कृषि क्षेत्रका विभिन्न योजना कार्यकर्तालाई वितरण गरेको पाइएको छ । कर्णाली प्रदेश सरकारले चालू आर्थिक वर्षका लागि कालीकोटमा पठाएको दर्जनौं योजना आफ्ना आसेपासे र कार्यकर्ताहरूलाई वितरण गरेको पाइएको हो । जिल्लाको रास्कोट नगरपालिकामा बनाउन लागिएको हाइटेक नर्सरी कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको सचिवालयमा कार्यरत सुरेन्द्र शाहीको समनाथ सहकारीलाई दिइएको छ ।

झन्डै १ करोडको लागतमा निर्माण हुने उक्त हाइटेक नर्सरी स्थानीय किसान पुष्प बरालको हिमालयन हिउँदे फलफूल नर्सरी उद्योगलाई लत्याएर मुख्यमन्त्रीको सचिवालयका कर्मचारी सुरेन्द्र शाहीलाई हाई पावर लगाएर दिइएको छ । उनी सिमनाथ सहकारीको कोषाध्यक्ष हुन् । हिमालयन हिउँदे फलफूल नर्सरी उद्योगका सञ्चालक अगुवा किसान बरालले भने, 'जिल्ला कृषि ज्ञान केन्द्रका कर्मचारीहरू पहिले अनुगमनमा जाँदा हाइटेक नर्सरी मेरो उद्योगले पाउने सम्भावना भनेर गए । ठाउँ पनि निकै उपयुक्त थियो । पछि नेताहरूको पावरले मैले पाइनँ । मेरो ठूलो मान्छे कोही भएन । गाउँको ठूलो उद्योगी हुँ । नेता बन्न सकिनँ ।' रास्कोटमै निर्माण हुन लागिरहेको रास्कोट रंगशाला पनि मुख्यमन्त्रीको सचिवालयमै कार्यरत ध्वजबहादुर शाही मुस्कानलाई उपभोक्ता समितिको अध्यक्ष बनाइएको छ । रास्कोटको नगर भेलाले रंगशाला निर्माण हुने स्थानको जग्गा धनी सरिता बमलाई



उपभोक्ता समितिको अध्यक्ष बनाउने गरी नगरपालिकाले सिफारिस गरे पनि त्यसलाई उल्ट्याएर मुख्यमन्त्रीको सचिवालयका कर्मचारीलाई अध्यक्ष बनाइएको हो । जुन रंगशाला निर्माणका लागि पनि १ करोड बजेट छ । तत्कालीन रंगशाला निर्माण उपभोक्ता समितिकी अध्यक्ष सरिता बमले भनिन्, 'नगर भेलाबाट अध्यक्ष म भएर सम्झौता गर्न तीनपटकसम्म सुर्खेत गए । सम्झौता गर्न मानेन । अन्तमा मैले अध्यक्ष छाडेर ध्वजबहादुर शाहीलाई अध्यक्ष बनाई म उपाध्यक्ष भएर गएपछि मात्र योजनाको सम्झौता गर्ने सहमति भयो ।' त्यस्तै, जिल्ला कृषि ज्ञान केन्द्र कालीकोटका अनुसार कर्णाली प्रदेश सरकारकै १ करोड बजेट रहेको रास्कोट नानीकोट खडितोली ग्रामीण कृषि सडक मुख्यमन्त्रीका वडाका माओवादी नेता ललितजंग शाही परिवर्तनको सहकारीलाई दिइएको छ । प्रदेश सरकारको बजेट आउने भनेपछि रातारात सहकारी खोली मुख्यमन्त्रीको सचिवालयकै दाबाबमा तत्कालीन माओवादीको नेता शाहीको सहकारीलाई दिइएको हो । यस्तै, पलाँताको बेलकेढुंगा, राङुनेटा ग्रामीण कृषि सडक पनि तत्कालीन माओवादीको नेता विष्णु रोकायाको सहकारी, शान्तित्रिवेणी गाउँपालिकामा अर्गानिक उत्पादनमा झन्डै डेड करोडको कार्यक्रम तत्कालीन एमालेका सचिवालय सदस्य हेमराज सञ्ज्याल, माहावीर बम लगायतका नेताहरूलाई दिइएको छ । जिल्ला कृषि ज्ञानकेन्द्र कालीकोटका प्रमुख भरत बस्नेतले प्रदेशका योजनाहरू वितरणमा आफूलाई निकै सकस भएको बताए ।


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाऔँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार**
**सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार**
**राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुर्‍याऔँ,गरिबी न्यूनिकरण गरौँ ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## वन चाम्लिङको २५ वर्षीय सत्ता ढल्यो



एजेन्सी - भारतीय राज्य सिक्किममा २५ वर्ष लामो शासन गरेका पवनकुमार चाम्लिङको सरकारले हार व्यहोरेको छ। उनको पार्टी सिक्किम डेमोक्रेटिक फ्रन्टले यस पटकको विधान सभा चुनावमा हार व्यहोरेको हो। मतगणना अनुसार उनको पार्टीलाई चुनौती दिएको पहिलाका आफ्नै सहकर्मी पिएस गोले नेतृत्वको सिक्किम क्रान्तिकारी मोर्चाले १८ सिटमा विजय हासिल गरेको छ। ३२ विधान सभा सिट रहेको सिक्किममा मोर्चाले सरकार बनाउन स्पस्ट बहुमत प्राप्त गरेको छ। पवन चाम्लिङले लामो समय मुख्यमन्त्री भएको रेकर्ड बनाएका थिए। बिहीबार राति चुनावको नतिजा आएसँगै त्यहाँका नेपालीभाषी सर्वसाधारण सडकमा निस्केर पटका पडकाउन थालेका छन्।


## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

खाँडाचक्र नगरपालिका
कालिकोट


# ज्ञानमाला

१. शिक्षक सेवा आयोग नियमावली २०५७, शिक्षा ऐन २०२८ (संशोधनसहित) को कुन दफाले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बनाएको हो ?
- दफा १९

२. शिक्षा ऐन २०२८ (संशोधनसहित) मा गाउँ शिक्षा समितिको अध्यक्षमा को रहने व्यवस्था गरिएको छ ?
- गाउँ विकास समितिको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्ति

३. राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, जाति, लिङ्ग, उत्पति, भाषा र वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिनेछैन- भनी नेपालको अन्तरिम संविधान २०६३ को कुन मौलिक हकमा भनिएको छ ?
- समानताको हक

४. कुनै प्राथमिक तहको शिक्षक २५ वर्ष सेवा अवधि पूरा गरी अवकाश हुँदा निजको आखिरी महिनाको तलब भत्ता रु १८,००० रहेछ भने उसको मासिक निवृतिभरणको रकम कति हुन आउछ ?
- रु ९,०००

५. विद्यालय व्यवस्थापन समितिको अध्यक्षको राजीनामा कसले स्वीकृत गर्दछ ?
- सम्बन्धित जिल्ला शिक्षा समितिले

६. शिक्षक सेवालाई समावेशी बनाउन सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने शिक्षक दरबन्दीमध्ये ४५ प्रतिशत पद समावेशी समूहका लागि छुट्याइएकामा सोको कति प्रतिशत महिलाका लागि छुट्याइएको हुन्छ ?
- ३३ प्रतिशत

७. सार्वजनिक शैक्षिक गुठीका रुपमा सञ्चालित विद्यालयले उत्तराधिकारी तोक्दा कुन निकायबाट स्वीकृत लिनुपर्ने व्यवस्था छ ?
- शिक्षा मन्त्रालय

८. तलका मध्ये कुन क्षेत्रमा घुम्ती विद्यालय बढी आवश्यक हुन्छ ?
- भौगोलिक रुपमा विकट हिमाली क्षेत्रमा

९. शिक्षक सेवा आयोगमा लिइने प्रतियोगितात्मक परीक्षाका लागि अन्तर्वार्ताको पूर्णांक कति हो ?
- २५ अङ्क


*एक घर एक करेसाबारीको स्थापना गरौं।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं॥*

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर-घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७-४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# कर्णालीमा खस भाषा बोल्ने १८ जना मात्रै

**मिसन न्यूज**

**जुम्ला** - केन्द्रीय तथ्यांक विभागको २०६८ को जनगणना अनुसार कर्णाली प्रदेशमा ५५ भाषा बोलिन्छ। प्रदेशगत रुपमा पहिलो भाषा बोल्नेमा कर्णालीमा सबैभन्दा बढि नेपाली भाषा बोल्नेको सख्या १३ लाख ४६ हजार २ सय ६ जना हरेका छन्। क्रमश मगर तामाङ, थारु लगायात छन्।

विभागको तथ्याकलाई हेर्ने हो भने कर्णालीमा जम्मा १८ जनाले मात्रै खष भाषा बोल्छन्। कर्णालीमा बोलिने ५५ भाषा मध्ये खस भाषा ३३ नम्बरमा रहेको छ। कर्णाली प्रदेशमा बोलिने ३८ भाषामा दोस्रो भाषामा खष भाषा पुच्छारमा एक जना मात्रै छन्। डोल्पा मात्र बोलिने काईके भाषा बोल्ने १७, जुम्ली भाषा बोल्ने १७ जना रहेका छन्। जबकी २०६८ को जनगणना अनुसार जुम्लाका कुल जनसंख्या १ लाख २० हजार रहेको छ। कार्यक्रममा सहभागि युवा महेश नेपालीले विभागको तथ्यांक मिथ्या भएको भन्दै सरकारले खष भाषालाई उपेक्षा गरेको भन्दै गम्भिर आपत्ति जनाए। अर्का सहभागि पुर्ण प्रसाद धितालले बहादुर शाहको पाला देखी सिंजा सभ्यताको पहिचान मेट्ने कार्य शुरु भएको भन्दै अहिले पनि त्यसको क्रम नरोकिएकोमा दुःख व्यक्त गरे। ४४ नम्बरमा रहेको बंगला राजस्थानी, धिमाल, हायु, संस्कृत र सुरेल भाषा बोल्नेको सख्या १ जना मात्रै छ। गोष्ठिमा सहभागि अधिकाशंले यस्तो त्रुटि नसच्याइए सरकार विरुद्ध गम्भिर कदम चाल्ने पनि बताएका छन्। भाषा आयोगका विज्ञ प्रा. डाक्टर जिवेन्द्र देव गिरीीले तथ्याक विभागको तथ्याकमा त्रुटि देखिएकोले सहभागिले औल्याएकोले यस बारे सरकारलाई सिफरिस गरिने बताए। खस भाषालाई कामकाजको भाषा बनाइनु पर्छ। खष भाषालाई सरकारी कामकाजको भाषा बनाइनु पर्नेमा कर्णालीबासील जोड दिएका छन्। कर्णाली प्रदेशको जुम्लामा उत्पत्ति भएको खष भाषा यहाँको सरकारी कामकाजको भाषा हुनु पर्ने उनीहरुको जोड रहेको छ। कर्णाली प्रदेशका १० जिल्लामा १३ लाख जनसंख्याले नेपाली भाषा बोल्ने गर्दछन्। खषको भाषाको विस्तारित नेपाली भाषा बोल्नेको बाहुल्य कर्णालीमा रहेको छ। भाषा आयोगले आयोजना गरेको प्रादेशिक भाषा सङगोष्ठिमा सहभागि तीन जिल्लाका जनप्रतिनिधि र खाषा संग सम्बन्धित व्यक्तिहरुले कर्णालीका सबै स्थानीय तहमा खष भाषा कामकाजको भाषा हुनु पर्ने माग गरेका हुन्। गोष्ठिमा बोल्दै पचाल झरना गाउँपालिका कालिकोटका अध्यक्ष खड्क बहादुर सेजुवालले कर्णालीको पहिचान मेटाउन षडयन्त्र विगतदेखि हुँदै आएको भन्दै अब पनि कर्णालीको अस्तित्व मेटाउने प्रयास भएमा कर्णाली पछि नहट्ने बताए। सिंजा सभ्यताबाट विकसित खष भाषालाई कामकाजको भाषा बनाईनु पर्छ उनले भने, 'यसमा हामी सबै एकजुट हुन जरुरी छ।' यस्तै मुगुको मुगुम कार्मारोङ्ग गाउँपालिकाका उपाध्यक्ष छिरिङ्ग तामाङले मुगुममा तीन भाषामा प्रचलनमा रहेको भन्दै कर्णालीको



बाँकी ८पृष्ठमा....


## पचालझरनाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

पचालझरना गाउँपालिका
कालिकोट

## सान्नी त्रिवेणीको अनुरोध

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुघर राखौं। स्वस्थ्य जीवन र ख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

## जनहितका लागि जारी सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

महावै गाउँपालिका
गाउँ कार्यपालिकोको कार्यालय
कालिकोट

## पलाँताको सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाँझो जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

# कर्णाली करिडोरको काम...

सम्मको सडक निर्माणका लागि सडक विभागले दुई अर्ब ८४ करोड ११ लाख १६ हजारको लागत इस्टिमेट निकालेको छ। जसमध्ये हुम्लाको सल्लीसल्लादेखि सिमकोटसम्म ५१ किमिमा सडक विभागले ठेक्कामार्फत काम गरिरहेको छ भने कालिकोट, बाजुरा र हुम्लाको सल्लीसल्लासम्म सेनाले काम गरिरहेको हो। हुम्लाको सिमकोटबाट तल १० किमिमा पनि हेलिकप्टरमा लगिएका जिप सञ्चालनमा छन्।

नेपाल-भारत सीमा जमुनाहादेखि तिब्बतको हिल्सा पुग्ने उत्तर दक्षिण करिडोर निर्माणमा कालिकोटको जितेदेखि लैफुडाँडा हुँदै बाजुरा खण्डको सम्पूर्ण काम सकिएको छ। अहिले हुम्लाको सर्केघाट गाउँपालिकामा काम भइरहेको छ। कालिकोटको खुलालु जितेको डेढ किमिमध्ये पाँच सय मिटर चट्टान फुटाउने काम भइरहेको सेनाले जनाएको छ। खुलालुको पक्की पुल बन्दासम्म सबै चट्टान फुटाइसक्ने सेनाको दाबी छ। सेनाले सडक निर्माणको जिम्मा पाए पछि कालिकोटको लालीघाट र नानीकोट, बाजुराको पिलुचौरमा क्याम्प खडा गरी काम थालेको थियो। अहिले हुम्लाको सर्केघाटमा पनि सेनाको क्याम्प छ। कालिकोटको खुलालुदेखि हुम्ला सदरमुकाम सिमकोटसम्म १ सय ९६ किमि मध्ये कडा चट्टान भएकाले विस्फोटन सहित हुम्लाको सल्लीसल्ला सम्म एक सय ४५ किमिमा सेनाले काम गरिरहेको हो। कालिकोट खण्डको साढे ३८ किमि सडक सेनाले सडक विभागलाई हस्तान्तरणको प्रक्रिया अघि बढाएको छ। सडक विभागले आर्थिक वर्ष २०६५र०६६ देखि काम सुरु गरे पनि बजेट अभावलगायत समस्याका कारण लक्ष्यअनुसारको प्रगति भएको थिएन। सेनालाई ०७६ भित्र सम्पन्न गर्ने गरी सरकारले जिम्मा दिएको छ।

करिडोरअन्तर्गत कर्णाली नदीमा २३ वटा ठूला पुल र अन्य १२ वटा पुल बनाउनुपर्नेछ। सेनाले कालिकोटको जितेस्थित कर्णाली नदीमा हिउँदे याममा गाडी तार्न फेरी हाले पनि वर्षामा नदी बढेपछि बन्द भएको छ। 'फेरी नचल्दा निर्माण सामग्री ढुवानी गर्न कठिनाइ छ,' सडक निर्माण कार्यदल प्रमुख कार्कीले भने, 'सात महिना सबै सामान हेलिकप्टरमा ढुवानी गर्नुपर्ने बाध्यता भयो।' सेनाले सडक निर्माणमा १७ कम्प्रेसर मेसिन, पाँच स्काभेटर, तीन सय स्थानीय कामदार र दुई सय १० नेपाली सेना परिचालन गरेको छ।

**लक्ष्य पूरा हुन कठिन**

सरकारले जमुनाह-हिल्सा सडकलाई चार वर्षदेखि प्रत्येक वर्ष दुई वर्षभित्र ट्र्याक ओपन हुने भन्दै नीति तथा कार्यक्रममा समावेश गर्दै आएको छ। तर आयोजनाका लागि बजेट पर्याप्त छैन। हुम्ला खण्डमा पनि कडा चट्टान हुनु, निर्माण सामग्री ढुवानीका लागि कालिकोटको खुलालुमा पक्की पुल निर्माण नहुनु, पर्याप्त बजेट नहुनु, निकासामा ढिलाइ हुनुलगायत कारणले एक वर्षभित्र हुम्ला सदरमुकामसम्म सडक पुग्न नसक्ने सेनाका अधिकारीको भनाइ छ।

'बजेट थोरै दिन्छन्,' सडक निर्माणमा संलग्न एक प्राविधिकले भने, 'एक वर्षमा त कसरी हुम्ला सडक पुग्ला ?' अर्थमन्त्रीले सडक पुऱ्याउने भने पनि समय सीमा र बजेट नभनेको स्थानीयको गुनासो छ। कर्णाली करिडोर खुलालु-लैफु-हिल्सा सडक निर्माण सम्पन्न गर्ने दुईवर्षे सरकारी लक्ष्य यसअघिका तीन अर्थमन्त्रीले बजेट भाषणमा उल्लेख गरेका थिए। कर्णाली करिडोर निर्माणका लागि दवाब समूहका संयोजक विमल शाहीले यो करिडोरमा सधैं बजेट अभाव भइरहेको बताए। **सिमकोट-हिल्सा सडक अन्तिम चरणमा-**

कर्णाली करिडोरअन्तर्गत सिमकोट-हिल्सा सडक आयोजनाको काम अन्तिम चरणमा पुगेको छ। सडक निर्माणको काम सक्न अब डेढ किलोमिटर मात्र बाँकी छ। सडक निर्माणको जिम्मा पाएका निर्माण कम्पनीले कामलाई तीव्रता दिएका छन्। सिमकोट-हिल्सा सडकको बाँकी साढे एक किलोमिटरको कामसमेत धमाधम भइरहेको आयोजनाका योजना प्रमुख शशांक मिश्रले बताए। उनका अनुसार सडक ९५ किलोमिटर लम्बाइको छ। 'सबैभन्दा अप्ठ्यारो भाग च्याछरा भीरको कडा चट्टान फुटाउने प्रारम्भिक काम पनि अन्तिम चरणमा पुगेको छ,' उनले भने, 'यही गतिमा काम भइरहे चालु आर्थिक वर्षको अन्त्यसम्ममा निर्माणको काम पूरा हुनेछ।' च्याछरा र हेक्पा खोलादेखि च्याछरा खण्डको ताक्रु खोलामा पनि काम मेसिन र विस्फोटक पदार्थमार्फत एकैसाथ भइरहेको उनले जानकारी दिए।

सकेसम्म जेठ महिनाभित्र नभए चालु आर्थिक वर्षभित्र च्याछराको भीर फुटाउने काम सम्पन्न गर्नेगरी काम भइरहेको निर्माण कम्पनीले जनाएको छ। निर्माणको जिम्मा लिएको सपनारधुलिखेल जेभीका प्रतिनिधि तेजबहादुर महतले भीर फुटाउने काम करिब सकिए पनि त्यसलाई मिलाउन बाँकी रहेको जानकारी दिए। सिमकोट-हिल्सा सडकखण्डको ५८ किलोमिटर सडक विस्तारको काम सकिएको आयोजना प्रमुख मिश्रले बताए। उनका अनुसार ती खण्डमा आठ मिटर सडक चौडा पारिएको छ। बाँकी साढे पाँच किलोमिटरबाहेक अन्य खण्डमा विस्तारका लागि टेन्डर भएर निर्माणको काम भइरहेको छ। उक्त खण्डको चार स्थानमा पुल निर्माणको काम भने बाँकी रहेको उनले जनाए। कान्तिपुरबाट

# लुगा सिलाएरैमासिक...

गएर आफ्नो पसिना बगाउनुभन्दा स्वदेशमै बसेर कुनै पनि व्यवसाय गरेर निरन्तरता दिए सफलता मिल्ने उनको भनाइ छ। लुगा सिलाउने पेसालाई व्यावसायिक रूपमा अपनाएपछि पहिला हेलाका दृष्टिले हेर्ने समाजको दृष्टिकोणसमेत फेरिएको उनले बताए। मसँगैका धेरै साथीहरू अहिले अन्नबालीकै भरमा वर्ष भरि लुगा सिलाउछन। तर हामिहरूले अन्न वालिमा लुगा सिलाउन छाडेदेखि आम्दानि हुने थालेको छ। राजधानीबाट

'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ।

सर्म्पक ठेगाना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

# कर्णालीमा खस भाषा...

पहिचानको रुपमा रहेको भाषा हराउन नदिन स्थानीय तह प्रतिबद्ध रहेको बताईन्। जुम्ला तातोपानी गाउँपालिकाका अध्यक्ष नवराज न्यौपानेले गाउँपालिकाले खष भाषाको पढाई संचालन गर्नको लागि पाठ्यपुस्तक छपाई कार्य शुरु गरेको जानकारी दिए। तातोपानी सहित जुम्लाका अन्य दुई स्थानीय तह हिमा र सिंजा गाउँपालिकाले पनि खष भाषामा बढाई शुरु गर्ने बताएका छन्।

**जुम्लामा कालो पट्टी बाँधेर विरोध**

सरकारले संसदमा टेबुल गरेको प्रेस काउन्सिल विधयक विरुद्ध जुम्लामा कार्यरत स्थानीय तथा राष्ट्रिय स्तरमा कार्यरत पत्रकारहरुले कालोपट्टी बाँधेर विरोध जनाएका छन्। प्रेस जगतलाई अंकुश लगाउने गरि दर्ता भएको विधयक मिडिया मैत्री नभएको भन्दै नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यक्रम अर्न्तगत जुम्लामा पनि विरोध जनाइएको हो। जुम्लामा महासंघका केन्द्रीय सदस्य पुर्ण प्रसाद चौलागाईको अगुवाई विरोध जनाइएको हो। उनले दुई तिहाईको बहुमत सरकारले मिडियामा अकुश लगाउनु लोकतन्त्र माथिको प्रहार भएको बताए। लोकतन्त्रको सुन्दर पक्ष भनेको संचार जगत हो तर अहिलेको सरकारले अकुश लगाउन खोजेको छ। यो राम्रो सन्देश होइन। नेपाल पत्रकार महासंघ जिल्ला शाखा उपाध्यक्ष नेत्र बहादुर शाहिले जुम्लामा विभिन्न चरणमा विरोधका कार्यक्रम गरिने बताएका छन्।

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, समाचारदाता :दिलिप कुमार शाही, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. -०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३ ,इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com ,मुद्रणः ईश्वर अफसेट प्रेस खाँडाचक्र-१, कालिकोट